# वाक्क्रिया सिद्धान्तको अवधारणा र प्रयोग

**उपप्रा. शिव प्रसाद तिमल्सेना**
काठमाडौं शिक्षा क्याम्पस
इमेल :shivatimalsena@gmail.com


## *लेखसार*

*प्रस्तुत लेख अस्टिनद्वारा प्रतिपादित तथा सर्लद्वारा सिद्धान्तीकृत वाक्क्रिया सिद्धान्तको सैद्धान्तिक अवधारणा र प्रयोगको चर्चामा केन्द्रित रहेको छ । भाषिक उच्चारका माध्यमबाट सम्पन्न हुने कार्यको अध्ययन वाक्क्रिया सिद्धान्तले गर्दछ । वक्ताले प्रयोग गरेको भाषाले सूचनाका साथसाथै कार्य पनि सम्पादन गर्दछ भन्ने मान्यता यस सिद्धान्तले राखेको छ । वाक्क्रिया हुनका लागि अस्टिनले सम्पादनकारी क्रिया आवश्यक ठानेका छन् भने सर्लले कार्य सम्पादन गर्न सक्ने जुनसुकै क्रिया पनि सम्पादनकारी हुन सक्छन् भनेका छन् । सर्लका विचारमा वक्ताको भाषिक उच्चारबाट सामान्य भाषिक कार्य, श्रोतालाई प्रेरित गर्ने कार्य र श्रोतालाई पर्ने प्रभावका बारेमा अध्ययन गर्न सकिन्छ । सर्लले कार्य सम्पादनका आधारमा वाक्क्रियालाई निश्चयार्थक, निर्देशनात्मक, प्रतिज्ञामूलक, अभिव्यक्तिमूलक र घोषणात्मक तथा अर्थका आधारमा प्रत्यक्ष र अप्रत्यक्ष गरी वर्गीकरण गरेका छन् । यिनै सन्दर्भमा प्रस्तुत लेखमा वाक्क्रियाका सम्बन्धमा अस्टिन र सर्लद्वारा अघि सारिएका मान्यता, प्रकार, वाक्क्रिया हुनका लागि आवश्यक सर्तहरु तथा वाक्क्रिया सिद्धान्तको व्यावहारिक प्रयोगका सम्बन्धमा विस्तृत चर्चा गरिएको छ । गुणात्मक ढाँचामा संरचित प्रस्तुत लेखका लागि आवश्यक सामग्री सङ्कलन पुस्तकालयीय पद्धतिका माध्यमबाट गरिएको छ भने तिनको आवश्यक व्याख्या भाषिक वर्णन तथा उदाहरणका माध्यमले गरिएको छ ।*


***शब्दकुञ्जी :*** वाक्क्रिया, अन्तर क्रिया, सम्प्रेषण, सम्पादनकारी क्रिया, कार्य सम्पादन, आवश्यक सर्त ।

## परिचय

भाषाको प्रयोग सन्दर्भलाई व्याख्या गर्ने विभिन्न सिद्धान्त र पद्धतिहरु विकास भएका छन् । ती मध्ये वाक्क्रियाको सिद्धान्त पनि एक हो । वाक्क्रिया सिद्धान्तको अवधारणा सन् १९६० को दशकतिर बेलायती भाषा वैज्ञानिकहरुको समूहले विकास गरेको हो । जसमा जे. एल. अस्टिन (सन् १९११-१९६०) को मुख्य भूमिका रहेको छ (क्रिस्टल, सन् २००८) । अस्टिनले

पनि यो सिद्धान्तको बीजबिन्दु हार्वर्ड विश्व विद्यालयमा प्राध्यापन गर्दाका क्रममा विलियम जेम्सले दिएका व्याख्यानबाट ग्रहण गरेका थिए (ओझा र गिरी, २०६२) । अस्टिनपछि गिच, रायल, स्ट्रासन, ग्रिस, सर्ल र विटगेन्स्टिन आदिले यस सिद्धान्तलाई आवश्यक व्याख्या गर्दै अघि बढाएको पाइन्छ ।

जे. एल. अस्टिनले सन् १९५५ मा अक्सफोर्ड विश्व विद्यालयमा शब्दले कसरी कार्य गर्दछ (How to do things with words) भन्ने बारेमा १२ वटा प्रवचन दिएका थिए । उनको प्रवचन सार भाषिक प्रयोगबाट कुनै विषयमा सूचना दिने कार्य मात्र नभएर कार्य सम्पादन पनि हुन्छ भन्ने थियो (न्यौपाने र घिमिरे, २०७०) । उनका १२ वटा प्रवचनलाई सन् १९६२ मा पुस्तकका रूपमा प्रकाशित गरिएको पाइन्छ । यही पुस्तकबाट वाक्क्रिया सिद्धान्तका बारेमा चर्चा हुन थालेको हो । अस्टिनका अनुसार “भाषाको उच्चारण वा प्रयोगबाट कुनै कार्य सम्पादन हुन्छ भने त्यसलाई वाक्क्रिया (speech act) भनिन्छ” (यादव र रेग्मी, २०५९, पृ. ३०७) । उनका विचारमा भाषाबाट कार्य सम्पादन हुनका लागि वाक्यमा सम्पादनकारी क्रिया (performative verb) प्रयोग भएको हुनु पर्दछ साथै त्यसका आवश्यक सर्तहरु (felicity condition) पनि पुरा भएको हुनु पर्दछ । अस्टिनले उल्लेख गरेका सम्पादनकारी क्रिया र सुहाउँदा सर्तहरुका बारेमा पछिल्ला उपशीर्षकहरुमा चर्चा गरिएको छ ।

अस्टिनद्वारा प्रतिपादन गरिएको भाषाको प्रयोगका आधारमा कार्य सम्पादन हुन्छ भन्ने विचारलाई सिद्धान्तका रूपमा प्रस्तुत गर्ने काम जोन आर. सर्लले गरेका हुन् । सर्ल अस्टिनकै चेला थिए । उनले सन् १९६९ मा अस्टिनका उक्त विचारलाई वाक्क्रिया भनी नामकरण गरे (न्यौपाने र अन्य, २०६७) । सर्लले सन् १९६९ मा वाक्क्रिया (speech act) शीर्षकमा पुस्तक प्रकाशित गरी वाक्क्रिया सिद्धान्तलाई स्थापित गर्ने काम गरेका हुन् । उनले वाक्क्रियाका सम्बन्धमा अस्टिनले प्रस्तुत गरेका विचारलाई पुष्टि गर्दै भाषिक उच्चारणबाट एकैसाथ तिन वटा काम सम्पन्न हुन्छन् भनेका छन् । वाक्क्रिया सम्बन्धी सर्लका अवधारणालाई पछिल्ला उपशीर्षकहरुमा क्रमशः चर्चा गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत लेख अस्टिन र सर्लका वाक्क्रिया सम्बन्धी अवधारणाको चर्चा, वाक्क्रियाका प्रकार निर्धारण, वाक्क्रियाका लागि आवश्यक सर्तहरुको पहिचान तथा वाक्क्रियाको व्यावहारिक प्रयोग निरूपण गर्ने उद्देश्यहरुको परिपूर्तिमा केन्द्रित रहेको छ । यस लेखलाई गुणात्मक ढाँचामा संरचित गरिएको छ । प्रस्तुत लेखका लागि आवश्यक सामग्री सङ्कलन पुस्तकालयीय पद्धतिबाट सैद्धान्तिक अवधारणाका माध्यमबाट गरिएको छ भने तिनको आवश्यक व्याख्या भाषिक वर्णन तथा उदाहरणका माध्यमले गरिएको छ ।

## परिणाम र छलफल

वाक्क्रियाका सम्बन्धमा अस्टिन र सर्लद्वारा अघि सारिएका मान्यता, प्रकार, वाक्क्रिया हुनका लागि आवश्यक सर्तहरु तथा वाक्क्रिया सिद्धान्तको व्यावहारिक प्रयोगका सम्बन्धमा विभिन्न उपशीर्षकमा यहाँ चर्चा गरिएको छ ।

## वाक्क्रियाको अवधारणा

वाक् भनेको बोली र क्रिया भनेको कार्य हो । भाषिक बोली वा उच्चारणका माध्यमबाट सम्पन्न हुने कार्यलाई नै वाक्क्रिया (speech act) भनिन्छ । मानिसले आफ्ना भाषिक उच्चारणबाट निर्दिष्ट कार्यहरु पुरा हुन् भन्ने अपेक्षा गर्दछ । अर्थात् भाषिक उच्चारणबाट कार्य सम्पन्न हुने अपेक्षा वक्ताले गरेको हुन्छ । तर कतिपय सन्दर्भमा वक्ता श्रोताबिच प्रभावकारी अन्तर्क्रिया र सम्प्रेषणको अभाव रहँदा यस्ता कार्यहरु पुरा हुन सक्दैनन् । यसमा मूलतः वक्ता, श्रोता, माध्यम, कोड आदिको प्रभाव रहन्छ । त्यस्तै वक्ताको अपेक्षा, श्रोताको मानसिक अवस्था, उत्पन्न परिस्थिति आदिले पनि कार्य सम्पादन हुनमा भूमिका खेलेका हुन्छन् । यसरी वक्ताको भाषिक उच्चारबाट कार्य सम्पन्न हुने अवस्थाको अपेक्षा गर्ने सिद्धान्तलाई वाक्क्रिया सिद्धान्त भनिन्छ । यहाँ वाक्क्रिया सिद्धान्तका प्रतिपादक अस्टिन र यसलाई सिद्धान्तका रूपमा स्थापित गराउने विद्वान् सर्लका अवधारणालाई अलग अलग चर्चा गरिन्छ ।

**अस्टिनको अवधारणा** : अस्टिनका विचारमा भाषाको प्रयोगबाट निर्दिष्ट कार्य सम्पादन हुने अपेक्षा गरिन्छ । भाषाको प्रयोगबाट कुनै विषयमा सूचना दिने मात्र नभई कार्य सम्पादन (act of performance) को समेत अपेक्षा गरिएको हुन्छ । उनका अनुसार भाषामा प्रयोग हुने क्रियाहरु सम्पादनकारी (performative) र सूचनामूलक (constative) गरी दुई प्रकारका हुन्छन् (न्यौपाने र घिमिरे, २०७०) । जसमा सम्पादनकारी क्रियाले कार्य सम्पादन गर्दछन् भने सूचनामूलक क्रियाले कुनै घटना वा कार्यको जानकारी प्रदान गर्दछन् । उदाहरणका लागि घोषणा गर्नु, प्रतिज्ञा गर्नु, राजिनामा दिनु, माफी माग्नु आदि सम्पादनकारी क्रिया हुन् भने बताउनु, भन्नु, सुसूचित गराउनु, जानकारी दिनु, खबर गर्नु आदि सूचनामूलक क्रिया हुन् ।

अस्टिनले भाषाबाट कार्य सम्पादन हुनका लागि प्रयुक्त वाक्यमा सम्पादनकारी क्रिया (performative verb) को प्रयोग हुनु पर्ने धारणा राखेका छन् । उनका विचारमा सम्पादनकारी क्रियाहरु प्रथम पुरुष, वर्तमान काल र सामान्यार्थक वा निश्चयार्थक हुनु पर्दछ (यादव र रेग्मी, २०५९) । सम्पादनकारी क्रियापद प्रयोग भएको वाक्यको उदाहरण हेरौँ : म प्रधानाध्यापक पदबाट राजीनामा दिन्छु । यो वाक्य प्रथम पुरुष, वर्तमान काल र निश्चयार्थक भावमा संरचित भएकाले यसबाट कार्य सम्पादन हुने कुरा स्पष्ट छ ।

**सर्लको अवधारणा** : अस्टिनले उल्लेख गरेका सम्पादनकारी क्रियाबाट हुने कार्य सम्पादनलाई नै सर्लले वाक्क्रिया भनेका छन् । सर्लले वाक्क्रियाको सिद्धान्त मार्फत अस्टिनका

विचारलाई साहित्य, समालोचना र मनोविज्ञान लगायत विभिन्न क्षेत्रमा फैलाउने काम गरेका छन् । उनले भाषिक कार्य सम्पादन हुनका लागि अस्टिनले भनेको सम्पादनकारी क्रियाका अतिरिक्त कार्य सम्पादनात्मक उच्चारण (performative utterance) पनि हुनु पर्ने धारणा राखेका छन् । कार्य सम्पादनात्मक उच्चारण भनेको "त्यस्तो उच्चारण हो, जसको प्रयोगद्वारा वक्ता केही कुरा भनिरहेको मात्र हुँदैन तर वास्तवमा ऊ केही गरिरहेको पनि हुन्छ" (घिमिरे, २०६५, पृ. ११०) । यसरी वाक्‌क्रिया हुनका लागि भाषिक उच्चारणहरु पनि कार्य सम्पादनात्मक हुनु पर्ने आवश्यकता उनले औँल्याएका छन् ।

सर्लका अनुसार भाषाको उच्चारणबाट निम्न लिखित तिन वटा कार्य एकैसाथ सम्पन्न भएका हुन्छन् :

***वचन कार्य (locutionary act)*** : अर्थयुक्त वाक्यको उच्चारण गर्ने कार्य वचन कार्य हो । यसमा उद्देश्य र विधेययुक्त वाक्यको प्रयोग गरिन्छ । यसलाई निर्विधात्मक कार्य पनि भनिन्छ । जस्तै : तिमी कहिले आयौ ? अहिले कति बज्यो ? म तिमीलाई पैसा दिने छु । आदि वाक्यहरु वचन कार्य अन्तर्गत पर्दछन् । यी वाक्यलाई तिनमा निहित निर्विधात्मक शक्ति (locutionary force) ले अर्थयुक्त बनाएको हुन्छ । जसलाई प्रचलित व्याकरणात्मक परम्परा र निर्धारित सत्यको मूल्य अनुसार व्याख्या गरी अर्थ स्पष्ट पार्न सकिन्छ (घिमिरे, २०६५) । यस सन्दर्भमा प्रस्तुत वाक्यले केही कुरा श्रोतासामु व्यक्त गर्ने सामान्य कार्य सम्पन्न गरेको देखिन्छ ।

***वचनेतर कार्य (illocutionary act)*** : उच्चारित वाक्यबाट वक्ताले श्रोतालाई काम गर्न प्रेरित गर्ने कार्य वचनेतर कार्य हो । यसमा भाषाको प्रयोगबाट वक्ताले श्रोताबाट काम सम्पन्न हुने अपेक्षा गर्दछ । यसलाई अनुविधात्मक कार्य पनि भनिन्छ । माथिका उदाहरणका पहिलो र दोस्रो वाक्यले श्रोताबाट सूचनाका लागि अनुरोध गरेका छन् भने तेस्रो वाक्यले वक्ताले आफैसँग वाचा गरेको देखिन्छ । जसबाट भविष्यमा कार्य सम्पादन हुने अपेक्षा गरिएको छ । प्रस्तुत वाक्यलाई तिनका रहेको अनुविधात्मक शक्ति (illocutionary force) ले अर्थयुक्त बनाएको हुन्छ । यस्तो कार्यका लागि अस्टिन सम्पादनकारी क्रिया आवश्यक मान्दछन् भने सर्ल कार्य सम्पादन गर्न सक्ने जुनसुकै क्रिया पनि सम्पादनकारी क्रिया मान्दछन् (यादव र रेग्मी, २०५९) ।

***प्रभावी वचन कार्य (perlocutionary act)*** : भाषिक उच्चारणबाट श्रोतालाई पर्ने प्रभावलाई प्रभावी वचन कार्य भनिन्छ । "यो कार्य पारम्पारिक शक्तिलाई वास्ता नगरी उत्पन्न गरिने त्यस्ता वाक्‌शैलीका परिणाम र प्रभावहरुसित सम्बन्धित हुन्छ" (घिमिरे, २०६५, पृ. ११२) । अर्थात् भाषिक प्रयोगले वक्ता, श्रोता वा अन्य व्यक्तिमा आवेग, संवेग, विचार वा कार्यमा निश्चित आनुषङ्गिक प्रभाव उत्पन्न गर्दछ । यस्तो प्रयोग उक्त व्यक्तिमा प्रभाव उत्पन्न गर्नकै लागि सोद्देश्यमूलक ढङ्गले वा सामान्य ढङ्गले मात्रै पनि गरिएको हुन सक्छ । उदाहरणका लागि 'तिमी घरबाट निकालियौ' वाक्यको प्रयोग गर्दा 'तिमी' भन्ने व्यक्ति घरबाट निकालिएको सामान्य अर्थ बोध हुन्छ । यो सुनेर व्यक्तिले अप्रिय निर्णय लिने, झगडा गर्न तम्सिने वा समर्थन जनाउने कार्य गर्न सक्दछ । सामान्य अर्थभन्दा पछाडि रहेका यिनै विशिष्ट अवस्था, परिवेश र अर्थहरु नै प्रभावी

वचन कार्य हुन् । जसलाई प्रतिविधानात्मक कार्य (perlocutionary act) पनि भनिएको पाइन्छ । भाषिक उच्चारणमा निहित प्रतिविधानात्मक शक्ति (perlocutionary force) का कारण यस्तो कार्य सम्पन्न भएको हुन्छ ।

## वाक्क्रियाका प्रकार

भाषिक अन्तरर्क्रियाको प्रकार्यपरक अध्ययनका क्रममा ज्याकोब्सनले भाषाका छ वटा प्रकार्यहरु भावात्मक वा आभिव्यक्तिक, इच्छा विषयक, सन्दर्भपरक वा अभिधापरक, सम्पर्क द्योतक, आधिभाषिक र काव्यात्मक उल्लेख गरेका छन् । सामाजिक परिवेशभित्र हुने अन्तर्क्रियाका प्रकार्यलाई चिनाउने क्रममा इर्भिन ट्रिपले अनुरोधात्मक, व्याख्यात्मक, भावनात्मक, नित्य कार्यात्मक र अतिरिक्त कुराकानी भनी विभाजन गरेको पाइन्छ । हाइम्सले भने भावात्मक, निर्देशनात्मक, काव्यात्मक, सम्पर्कात्मक, पारिभाषिक, सन्दर्भात्मक र प्रसङ्गात्मक गरी सात प्रकारका कुराकानीको चर्चा गरेका छन् (घिमिरे, २०६५) । प्रस्तुत वर्गीकरण हेर्दा ज्याकोब्सनको वर्गीकरण समग्र भाषासँग सम्बन्धित रहे पनि ट्रिप र हाइम्सको वर्गीकरण भाषाको सामाजिक प्रयोग अर्थात् अन्तर्क्रियासँग सम्बन्धित देखिन्छ । तर पनि उक्त वर्गीकरणमा वाक्क्रियाको सन्दर्भ नआएकाले यहाँ सर्लका अनुसार वाक्क्रियाका प्रकार हरुलाई चर्चा गरिएको छ । यादव र रेग्मी (२०५९) ले सर्लले प्रस्तुत गरेका वाक्क्रियाका प्रकारलाई कार्य सम्पादनगत र अर्थगत गरी दुई भागमा विभाजन गरी उल्लेख गरेका छन् :

**कार्य सम्पादनका आधारमा** : कार्य सम्पादनका आधारमा वाक्क्रियाहरु निश्चयार्थक, निर्देशनात्मक, प्रतिज्ञामूलक, अभिव्यक्तिमूलक र घोषणात्मक गरी पाँच प्रकारका हुन्छन्, जसको चर्चा निम्न अनुसार गरिन्छ :

***निश्चयार्थक (assertive)*** : भनाइको सत्यतामा आफ्नो समर्थन जनाउने वाक्क्रिया निश्चयार्थक हुन्छ । यसमा निश्चय गर्छु, विश्वास गर्छ', समर्थन गर्छु, निष्कर्ष निकाल्छु, निर्णय गर्छु आदि जस्ता क्रियाको प्रयोग गरिन्छ । जस्तै : म यो चुनाव जित्ने कुरामा विश्वास गर्छु ।

***निर्देशनात्मक (directive)*** : श्रोतालाई कुनै कार्य गर्नका लागि आदेश वा निर्देश गर्ने वाक्क्रिया निर्देशनात्मक हुन्छ । यसमा आदेश दिन्छु, आज्ञा गर्छु, सोध्छु, अनुरोध गर्छु, आदि जस्ता क्रियाको प्रयोग गरिन्छ । जस्तै : म तिमीलाई घर जान अनुरोध गर्छु ।

***प्रतिज्ञामूलक (commissive)*** : भविष्यमा गरिने कामका लागि वक्ताले प्रतिबद्धता जनाउने वाक्क्रिया प्रतिज्ञामूलक हुन्छ । यसमा वाचा गर्छु, प्रतिबद्धता व्यक्त गर्छु, कबुल गर्छु, कसम खान्छु, सपथ लिन्छु आदि जस्ता क्रियाको प्रयोग गरिन्छ । जस्तै : म संविधान पालना गर्ने सपथ खान्छु ।

***अभिव्यक्तिमूलक (expressive)*** : कुनै घटना वा कार्यका बारेमा वक्ताले आफ्नो भनाइ वा धारणा प्रकट गर्ने वाक्क्रिया अभिव्यक्तिमूलक हुन्छ । यसमा बधाई दिन्छु, स्वागत गर्छु, धन्यवाद दिन्छु, खेद प्रकट गर्छु, शोक प्रकट गर्छु, समवेदना व्यक्त गर्छु आदि जस्ता क्रियाको प्रयोग गरिन्छ । जस्तै : म मृतकका परिवार जनप्रति समवेदना व्यक्त गर्छु ।

***घोषणात्मक (declarative)*** : वक्ताको भाषिक प्रयोगबाट बाह्य परिस्थितिमा परिवर्तन ल्याउने वाक्क्रिया घोषणात्मक हुन्छ। यसमा घोषणा गर्छु, राजिनामा दिन्छु, नियुक्त गर्छु, लागु गर्छु आदि जस्ता क्रियाको प्रयोग गरिन्छ। जस्तै : म आजको यो सभा समाप्त भएको घोषणा गर्छु।

**अर्थका आधारमा** : अर्थका आधारमा वाक्क्रियाहरु प्रयत्क्ष र अप्रत्यक्ष गरी दुई किसिमका हुन्छन्, जसको चर्चा निम्न अनुसार गरिन्छ :

***प्रत्यक्ष वाक्क्रिया*** : वाक्यमा प्रयुक्त क्रियाले परम्परागत वा सोझो अर्थ प्रदान गर्छ भने त्यसलाई प्रत्यक्ष वाक्क्रिया भनिन्छ। प्रत्यक्ष वाक्क्रियामा भाषिक संरचनाका आधारमा नै अर्थको अनुमान लगाउन सकिन्छ। अर्थात् यस्तो वाक्क्रियामा सूचना र कार्यको योग भएको हुन्छ। कार्य सम्पादनका आधारमा माथि उल्लेख गरिएका पाँच वटै प्रकारहरु यस अन्तर्गत पर्दछन्।

***अप्रत्यक्ष वाक्क्रिया*** : वाक्यमा प्रयुक्त क्रियाबाट परम्परागत वा सोझो र स्पष्ट अर्थ अभिव्यञ्जित नभई अन्य कुनै प्रकारको लाक्षणिक वा व्यङ्ग्यार्थ द्योतन भएमा त्यो अप्रत्यक्ष वाक्क्रिया हुन्छ। जस्तै : 'आज घाम लाग्छ' भन्ने वाक्यको प्रयोग हुँदा श्रोताले भिजेका लुगाहरु बाहिर ल्याई सुकाउँछ भने त्यो अप्रत्यक्ष वाक्क्रिया हुने गर्छ। यसरी वक्ताले नभनेको कुराको आशय बुझेर श्रोताले कार्य सम्पन्न गर्नु अप्रत्यक्ष वाक्क्रिया हो।

## वाक्क्रियाका सर्त

वाक्क्रिया हुनका लागि विभिन्न कुराहरुको आवश्यकता पर्दछ। यस्ता आवश्यक सर्तहरुलाई अस्टिन र सर्लले छुट्टाछुट्टै चर्चा गरेका छन्, जसलाई निम्न अनुसार उल्लेख गरिएको छ :

**अस्टिनका अनुसार** : अस्टिनले सम्पादनकारी क्रियाबाट कार्य सम्पादन हुन आवश्यक पर्ने सर्तहरुलाई सुहाउँदा सर्त (felicity condition) भनेका छन्। यस्ता सर्तहरु निम्न छन् :

***व्यक्ति र स्थानको उपयुक्तता*** : अस्टिनले सम्पादनकारी क्रियाबाट कार्य सम्पादन हुनका लागि सर्व प्रथमतः कार्य सम्पादन गर्ने व्यक्ति र ठाउँ उपयुक्त हुनु पर्ने धारणा राखेका छन्। जस्तै : 'म संसद्को हिउँदे अधिवेशन समाप्त भएको घोषणा गर्छु' भन्दा उक्त घोषणा गर्ने व्यक्ति सभामुख रहेको हुनु पर्छ। घोषणा भएको स्थान संसद् सभास्थल हुनु पर्छ र सभामुखले आफ्नो कुर्सीबाट उक्त कुराको घोषणा गरेको हुनु पर्छ। कुनै सांसदले वा पर्यवेक्षकले आफ्नो स्थानबाट घोषणा गरेर संसद्को अधिवेशन समाप्त हुन सक्दैन। यो नै व्यक्ति र स्थानको उपयुक्तता हो।

***कार्यको पूर्णता र उपयुक्तता*** : सम्पादनकारी क्रियाबाट कार्य सम्पन्न हुन कार्य पूर्ण भएको हुनु पर्छ भने उक्त कार्य उपयुक्त पनि रहेको हुनु पर्छ। माथिको उदाहरणमा हिउँदे अधिवेशनमा छलफलका लागि प्रस्तुत विधेयकमा निर्णय भइ सकेको र सभामुखमा अधिवेशन समाप्त गर्न सक्ने कानुनी अधिकार रहेको अवस्थामा उक्त कार्य पूर्ण र उपयुक्त देखिन्छ। सभामुखको घोषणापछि संसद्को अधिवेशन अन्त्य हुनु र त्यो कानुनी, व्यावहारिक हिसाबले समेत ठिक हुनु नै कार्यको पूर्णता र उपयुक्तता हो।

***आशयको उपयुक्तता*** : अस्टिनले प्रस्तुत गरेको यो सर्त अर्थसँग सम्बन्धित छ । अर्थात् वक्ताले प्रयोग गरेको भाषिक अभिव्यक्ति कार्य सम्पादनकारी हुनु पर्छ र त्यसले अर्थमा अस्पष्टता, बाधा, व्यवधान, दोहोरोपना, लाक्षणिकता, व्यञ्जनात्मकता आदि ल्याउनु हुँदैन । माथिको उदाहरणमा संसद्का काम कारवाही सकिएको, संसद्को हिउँदे अधिवेशनका लागि तोकिएको समय समाप्त भएको, संसद् अधिवेशन समापन गर्नु उपयुक्त रहेको तथा भनाइमा पनि स्पष्टता र अभिधार्थकता रहेकाले सभामुखको घोषणा पश्चात् सांसदहरुले ताली पड्काएर वा टेबुल ठोकेर समर्थन जनाए भने त्यस अवस्थामा आशयको उपयुक्तता झल्किन्छ। तर सांसदहरु विरोधमा उत्रिए वा भनाइको खण्डनमा लागे भने त्यस्तो अवस्थामा आशयको उपयुक्तता नरहेको बुझ्न सकिन्छ। यसरी कार्यको समर्थन भएर उक्त कार्य कार्यान्वयनमा आउनु नै आशयको उपयुक्तता हो ।

**सर्लका अनुसार** : अस्टिनले जस्तै सर्लले पनि वाक्क्रियाका आवश्यक सर्तहरु प्रस्तुत गरेका छन् । सर्लद्वारा प्रस्तुत वाक्क्रियाका सर्तहरु यस प्रकार छन् :

***प्रतिज्ञप्तिपरक वस्तुको सर्त*** : वक्ताको भाषिक उच्चारको अर्थ उपयुक्त भए मात्र वाक्क्रिया सम्पन्न हुने धारणा सर्लको रहेको छ। यसका लागि उपयुक्त वस्तु वा कार्य श्रोतासामु हुनु पर्छ। उदाहरणका लागि 'तिमी भात खाऊ' भनेर वक्ताले श्रोतालाई अनुरोध गर्दा त्यहाँ खानका लागि भात उपलब्ध हुनु पर्छ। तब मात्र वाक्क्रिया सम्पन्न हुन सक्छ। यसरी कार्य गर्नका लागि उपयुक्त वस्तु श्रोताको सामुन्ने हुनु नै प्रतिज्ञप्तिपरक वस्तुको सर्त हो।

***पूर्व तयारीको सर्त*** : वक्ताले श्रोतासामु कुनै कुरा प्रस्तुत गर्दा त्यसका लागि आवश्यक पर्ने वास्तविक संसारका वस्तुहरुका अलावा श्रोताको शारीरिक, मानसिक अवस्थाका बारेमा पनि ख्याल गर्नु पर्ने हुन्छ। जस्तै : 'साइकल कुदाऊ' भनेर वक्ताले श्रोतालाई निर्देशन दिँदा त्यहाँ साइकल त हुनु पर्छ नै, त्यसका अलावा श्रोता साइकल कुदाउन शारीरिक रूपमा सक्षम हुनु पर्छ, मानसिक रूपमा तयार रहनु पर्छ साथै साइकल कुदाउन जान्ने सिप समेत सिकेको हुनु पर्छ। यस अवस्थामा मात्रै 'साइकल कुदाऊ' भन्ने भाषिक अभिव्यक्तिबाट वाक्क्रिया सम्पन्न हुन सक्छ। यसबाट कार्य सम्पन्न हुनका लागि आवश्यक सामग्रीहरु उपलब्ध हुनु पर्ने सङ्केत मिल्छ।

***सद्भावनाको सर्त*** : वाक्क्रिया हुनका लागि वक्ताको सद्भाव पनि आवश्यक पर्छ भन्ने धारणा सर्लको रहेको छ। माथिको उदाहरणमा वक्ताले साइकल चलाऊ भन्ने तर साइकलमा साँचो लगाएर राख्ने गर्नाले वक्ताको आशय साइकल चलाउन नदिने किसिमको रहेको प्रस्ट हुन्छ। यस्तो कार्य वा विचारले वाक्क्रिया सम्पन्न हुन सक्दैन।

***अत्यावश्यक सर्त*** : वाक्क्रिया सम्पन्न हुनका लागि आवश्यक पर्ने वक्तागत समर्थन, प्रतिबद्धता, सद्भाव, तत्परता, सहयोगीपन, उत्सुकता आदिलाई अत्यावश्यक सर्त भनिन्छ । यसको अर्थ भाषिक उच्चारबाट कार्य सम्पादन हुनमा वक्ताले बोली र कार्य दुवै रूपमा श्रोतालाई मद्दत गर्नु पर्छ भन्ने हो । उदाहरणका लागि 'साइकल कुदाऊ' भन्ने वाक्य उच्चारण गरेपछि वक्ताले श्रोतालाई निरन्तर प्रेरणा र हौसला दिने, साइकल कुदाउन मद्दत गर्ने, हेन्डिल समाति

दिने, पछाडिबाट घचेटि दिने आदि कार्य गर्नु आवश्यक हुन्छ । यसो भए मात्र वाक्क्रिया सम्पन्न हुन सक्छ ।

## वाक्क्रिया सिद्धान्तको प्रयोग

वाक्क्रिया सिद्धान्तले बोली नै कार्य मान्दछ । अर्थात् जे बोलिन्छ त्यो कार्यका रूपमा परिणत हुनु पर्छ भन्ने मान्यता यस सिद्धान्तले अघि सारेको छ । जसबाट हाम्रो बोलाइलाई कार्यमा रूपान्तर गर्ने सैद्धान्तिक र व्यावहारिक आधार प्राप्त भएको छ । व्यवहार वा कार्यमा उतार्न नसकिने कुराहरु बोल्नु नहुने, सोची सम्झीकन बोल्नु पर्ने, बोल्दाखेरि विषय, परिवेश, प्रसङ्ग, स्रोत साधनको उपलब्धता, श्रोताको शारीरिक, मानसिक अवस्था आदि कुरालाई ध्यान दिनु पर्ने सुझ पनि वाक्क्रियाको सिद्धान्तले प्रदान गरेको छ । वक्ताको बोलीबाटै कार्य सम्पादन हुने भएकाले वक्ताको बोली स्पष्ट, प्रभावकारी र मानक हुनु पर्ने अवधारणाले हाम्रो भाषिक प्रयोगमा शुद्धता र अर्थको स्पष्टता रहनु पर्ने कुराको सङ्केत गरेको छ ।

क्रिस्टल (सन् २००८) का अनुसार वाक्क्रिया सिद्धान्तले वक्ता र श्रोताबिच अन्तरवैयक्तिक सञ्चारको सम्बन्ध र व्यवहार विश्लेषण गर्ने काम गर्छ । खनाल (२०६४) ले पनि वक्ता र श्रोताको उच्चार सम्बन्धी व्यवहार र भूमिकाको विश्लेषणमा वाक्क्रिया सिद्धान्तको प्रयोग गरिन्छ भनेका छन् । क्रिस्टल र खनालको भनाइलाई अध्ययन गर्दा वाक्क्रिया सिद्धान्तले वक्ता र श्रोताबिचको भाषिक सञ्चार तथा अन्तर क्रियालाई नै अध्ययनको मुख्य विषय वस्तु बनाएको देखिन्छ । जसको सार भनेको वक्ता र श्रोताबिचको भाषिक व्यवहार सरल, स्पष्ट, प्रभावकारी र कार्यमूलक प्रकृतिको हुनु पर्छ भन्ने नै हो । यस सिद्धान्तमा कार्य सम्पादनात्मक उच्चारण घटित हुन "निश्चित शब्दको उच्चारण, निश्चित चेष्टा, इशारा वा सङ्केत, निश्चित व्यक्ति, स्थान, विश्वास, समय, वक्ता र श्रोताको अपेक्षा गरिएको छ" (ओझा र गिरी, २०६२, पृ. १७६) । यस्तो अपेक्षाले भाषिक प्रयोगका बेला वक्ताले विभिन्न कुराहरुमा ध्यान दिनु पर्ने आवश्यकता औंल्याएको छ । त्यस बाहेक बोल्ने बेला वक्तामा देखिएको मनसाय (illocutionary act) र सो उच्चारबाट श्रोतामा परेको प्रभाव (perlocutionary act) को विश्लेषणमा पनि यो सिद्धान्त सफल भएको देखिन्छ ।

व्यक्तिले आफूलाई सर्वोच्च शक्ति मानेको हुन्छ । उसका भाषिक अभिव्यक्तिहरु पनि उसकै व्यक्तित्वका केन्द्रीयतामा संरचित भएका हुन्छन् । व्यक्तिले आत्मवाचक अभिव्यक्तिका माध्यमबाट प्रशस्त मनोरञ्जन, आनन्द र मानसिक शान्ति प्राप्त गर्न सक्दछ । व्यक्तिका भाव र संवेगको प्रस्फुटन पश्चात् निर्वैषयिक अवस्थाको सिर्जना हुन सक्दछ । जसले गर्दा व्यक्तिको सर्वाङ्गीण विकासमा मद्दत पुग्न सक्दछ । वाक्क्रिया सिद्धान्तले वक्ताका यस्ता आत्मवाचक भाषिक प्रयोगलाई प्रत्यक्ष रूपमा सङ्केत गरेको छ । त्यस्तै वक्ताको भाषिक प्रयोगबाट श्रोताका मनमा उत्पन्न शारीरिक र मानसिक तयारी, गति परिवर्तन तथा कार्य सम्पादनको अवस्थालाई पनि सङ्केत गरेको छ । "यी अवस्थाले वक्तालाई श्रोतामा आफ्नो भनाइतर्फ आकर्षित गर्ने आधार प्रदान गर्दछन्" (ओझा र गिरी, २०६२, पृ. १७६) ।

यसरी व्यक्तिका तहमा गएर उसले प्रयोग गर्ने आत्मपरक भाषिक अभिव्यक्तिलाई अध्ययनको विषय वस्तु बनाई त्यसको गहन विवेचना प्रस्तुत गरेको तथा अभिव्यक्तिका सम्बन्धमा श्रोताको दृष्टिकोणलाई पनि उचित स्थान दिएकाले वाक्क्रिया सिद्धान्तको वैचारिक धरातल बलियो रहेको र आजसम्म पनि यसको प्रयोग भइ रहेको प्रस्ट हुन्छ ।

## निष्कर्ष

वाक्क्रिया भनेको भाषाका माध्यमबाट हुने कार्य सम्पादन हो । वाक्क्रियाको निर्माणमा मानक भाषाको प्रयोग, प्रभावकारी सम्प्रेषण र कार्य सम्पादन योग्य उच्चारण हुनु पर्ने मान्यता राखिएको छ। त्यस्तै एक क्रियायुक्त, निश्चयार्थक, वर्तमान काल बोधक, प्रथम पुरुषका वाक्यको अपेक्षा यस सिद्धान्तले राखेको देखिन्छ। भाषा प्रयोगको यस्तो नियन्त्रणले मात्र भाषा प्रयोगबाट कार्य सम्पादन हुने विश्वास वाक्क्रिया सिद्धान्तका प्रणेताहरुको रहेको छ । यसरी भाषाद्वारा कार्य सम्पादन हुनका लागि अभिव्यक्तिका प्रकारहरु निर्धारण गर्ने, त्यसका पूर्वसर्तहरु खोजी गर्ने, उपयुक्त अवसर र परिवेशको अपेक्षा गर्ने, वक्ताको विश्वास र प्रवृत्तिका बारेमा विवेचना गर्ने तथा वक्ता श्रोताबिचको सम्प्रेषणात्मक कार्य सम्पादनलाई जोड दिने आदि कार्य गरेकाले वक्ता श्रोताको अन्तर्क्रियाका क्रममा वाक्क्रिया सिद्धान्तको प्रयोग आवश्यक मानिन्छ।

## सन्दर्भ सूची

ओझा, रामनाथ र गिरी, मधुसुदन (२०६२), *भाषा विज्ञान* (चौ. संस्क.), काठमाडौँ : सनलाइट पब्लिकेसन।

क्रिस्टल, डेभिड (सन् २००८), *अ डिक्सनरी अफ लिङ्ग्विस्टिक एन्ड फोनेटिक्स,* युएसए : ब्ल्याकवेल पब्लिसिङ।

खनाल, चक्रपाणि (२०६४), *भाषा विज्ञान शब्दकोश,* विराटनगर : सरस्वती प्रकाशन।

घिमिरे, वासुदेव (२०६५), *समाज भाषा विज्ञान,* काठमाडौँ : वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र प्रा. लि. ।

न्यौपाने, टंक प्रसाद, भण्डारी, पारस मणि र न्यौपाने, दीपक प्रसाद (२०६७), *भाषा विज्ञानका प्रमुख सिद्धान्त,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

न्यौपाने, महेश्वर र घिमिरे, दिनेश (२०७०), *भाषा विज्ञानका प्रमुख सिद्धान्त,* काठमाडौँ : सनलाइट पब्लिकेसन।

यादव, योगेन्द्र प्रसाद र रेग्मी, भीम नारायण (२०५९), *भाषा विज्ञान* (दो. संस्क.), काठमाडौँ : न्यु हिरा बुक्स इन्टरप्राइजेज।